का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ असोज २०८०, आइतबार

8 October 2023, Sunday

मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्न

वर्ष २१, अंक २५५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# लिङ्देनको कोर्टमा कोशी सरकार



राप्रपा तटस्थ बसे कोशी प्रदेशमा नयाँ सरकार बन्न सक्दैन र मध्यावधि चुनाव हुन्छ । राप्रपा खुलेको अवस्थामा अब एउटा सरकार बन्न सक्छ । यस सम्बन्धमा निर्णय गर्ने अधिकार राप्रपाले पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनलाई सुम्पेको छ ।



"एमालेसँग सहकार्यको सम्भावना छैन । कांग्रेस, माओवादी, एकीकृत समाजवादी वा जसपाको गठबन्धनले जे निर्णय गर्छ त्यस आधारमा अगाडि बढ्छौं ।

**उद्धव थापा**
नेता, कांग्रेस



"मध्यावधि रोक्न र सहमतिको स्थायी सरकार बनाउन हाम्रो पार्टीको नेतृत्वमा सरकार बन्नुपर्छ । अब फेरि विश्वासको मत प्राप्त नगर्ने गरी सरकारको नेतृत्व दाबी गर्नु हुँदैन भन्ने हाम्रो निष्कर्ष छ ।

**इन्द्रबहादुर आङ्बो**
नेता, माओवादी केन्द्र



"मध्यावधिमा जाने अवस्था बन्दैन । राप्रपा समन्वय, सहयोग गर्ने भूमिकामा रहनेछ । अघिल्लो पटक जस्तो उपसभामुख बिरामी हुने वा ज्येष्ठ सदस्यहरु अनुपस्थित हुने खालको परिस्थिति बन्दैन ।

**भक्तिप्रसाद सिटौला**
नेता, राप्रपा

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २० असोज ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले राजीनामा दिएका छन् । एमाले संसदीय दलका नेता कार्की सर्वोच्च अदालतको आदेशअनुसार संविधानको धारा १६८ (३) अनुसार २२ भदौमा मुख्यमन्त्री नियुक्त भएका थिए । उनले संविधानअनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो । त्यस अगावै राजीनामा दिएका हुन् ।

यो संगै कोशी प्रदेश सरकारमा तीन वटा सरकार बनाउने बाटो बन्द भएको छ । अब सरकार बनाउने एउटा मात्रै बाटो छ । कुनै पनि दलको एकल बहुमत नभएकाले सुरुमै दुई वा दुई भन्दा बढी दलको सहभागितामा सरकार बनेको थियो । उक्त सरकार ढलेपछि सबैभन्दा ठूलो दलको सरकार बन्यो । सबैभन्दा ठूलो दलको सरकारले विश्वासको मत नलिएर राजीनामाको बाटो रोजेपछि सरकार बनाउने विकल्प र बाटाहरु सकिँदै गएर एउटा मात्रे बाँकी रहेको छ ।

अब संविधानको धारा १६८ (५) अनुसार प्रदेशसभाका कुनै सदस्यको नेतृत्वमा सरकार गठनको बाटो खुलेको छ ।

'उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश

प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नेछ ।' यो सरकारको नेतृत्वका लागि दाबी प्रस्तुत गर्दा र विश्वासको मत लिँदा दलीय ह्वीप लाग्दैन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तटस्थ बसे कोशी प्रदेशमा नयाँ सरकार बन्न सक्दैन र मध्यावधि चुनाव हुन्छ । राप्रपा खुलेको अवस्थामा अब एउटा सरकार बन्न सक्छ ।

»» पृष्ठ २ मा

**प्रदेश अधिवेशन**

# सकसमा संस्थापन

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २० असोज ।



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार उपत्यका विशेष प्रदेश कमिटीको उद्घाटन गर्दा पनि सर्वसम्मत नेतृत्व चयन गर्न आग्रह गरे । अध्यक्ष ओलीले यसअघि सम्पन्न प्रदेश अधिवेशनहरुमा पनि सर्वसम्मत नेतृत्व चयनको अपिल गरिरहेका छन् । तर कुनैपनि प्रदेशमा सर्वसम्मत हुन सकिरहेको छैन ।

लुम्बिनी, बागमती, कोशी, कर्णाली हुँदै गण्डकीको प्रदेश अधिवेशनमा पनि मतदान भयो । यी सबै प्रदेशको नेतृत्व मतदानबाट चयन भएको छ । अर्को संयोग, सबै प्रदेशमा अध्यक्ष केपी शर्मा ओलीको समर्थनमा एउटा प्यानल बन्ने र त्यसमा नसमेटिएका नेताहरुले अलग प्यानल बनाएर चुनाव लडिरहेका छन् ।

चुनाव भएका मध्ये लुम्बिनी, कर्णाली र गण्डकीमा अध्यक्ष ओलीले प्रस्ताव गरेका नेता पराजित भएका छन् । लुम्बिनीमा हरि रिजाल, कर्णालीमा मीनबहादुर शाही र गण्डकीमा मायानाथ अधिकारीलाई अध्यक्ष ओलीको समर्थन थियो । महासचिव शंकर पोखरेलमार्फत् ओलीले अगाडि सारेका नेता मध्ये कोशी र बागमतीमा मात्रै जितेका छन् ।

पार्टी अध्यक्ष र महासचिवले अगाडि सारेका उम्मेदवार नै एकपछि अर्को प्रदेशमा पराजित हुन थालेपछि नेकपा एमालेभित्र ठूलै हलचल आएको छ । लुम्बिनी, कर्णाली पछि गण्डकीमा संस्थापनको प्रस्तावप्रति असन्तुष्टहरुले जितेका छन् भने कोशी र बागमतीमा पनि सशक्त चुनौती दिएका छन् ।

कोशीमा घनश्याम खतिवडालाई ओलीको समर्थन थियो ।

खतिवडाले विनोद ढकाललाई ८२ मतले हराउँदै प्रदेश अध्यक्ष जिते । यति सानो मतान्तरले हारजित भएपछि अध्यक्ष ओलीले चुनावी प्रक्रियाप्रति नै असन्तुष्टि जनाएका थिए । निर्वाचन

»» पृष्ठ २ मा

# एरिकालाई ऐतिहासिक पदक

## नेपालले जित्यो कूल दुई पदक



देशका लागि पदक जित्न सक्दा मैले आफूलाई भाग्यमानी ठानेकी छु । गर्वको अनुभुति भइरहेको छ । अझै धेरै गर्नुछ, यो एउटा स्टेप मात्र हो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

नेपाली कराते खेलाडी एरिका गुरुङले १९ औं एसियाली खेलकुदमा शनिबार ऐतिहासिक रजत पदक जितेकी छन् । हाङ्झावस्थित लिन्पिङ स्पोर्ट्स सेन्टर जिम्न्याजियममा एरिकाले महिला ६८ केजीमाथि तौलसमूहमा नेपालका लागि ऐतिहासिक रजत दिलाएकी हुन् । फाइनलमा एरिका काजकिस्तानकी सोफ्या बेरुल्तसेभासँग ३-० अंकले पराजित भइन् । यसअघि एरिकाले सेमिफाइनलमा हङकङकी यान काई होलाई ८-४ अंकले हराउँदै स्वर्ण भिडन्त पक्का गरेकी थिइन् ।

एरिकाले नेपालका लागि एसियाडको करातेमा जितेको यो पहिलो रजत पदक हो । एसियाडको इतिहासमा नेपालको यो समग्रमा तेस्रो रजत हो । यसअघि नेपालका लागि तेक्वान्दोकी सविता राजभण्डारीले सन् १९९८ को बैंकक एसियाडमा व्यक्तिगत रजत र १८ औं एसियाली खेलकुदमा नेपालको प्याराग्लाइडिङ पुरुष टोलीले टिम स्पर्धामा रजत जितेको थियो । नेपालका लागि यो समग्रमा तेस्रो र व्यक्तिगत स्पर्धामा भने दोस्रो एसियाड रजत पदक हो । नेपालले यस एसियाडमा कराते र महिला कबड्डीमा कास्य पदक गरेर नेपालले दुई पदक जितेको छ ।

एरिकाले थप एक्सपोजर पाउँदै गए अन्य नेपाली खेलाडीले पनि राम्रो गर्न सक्ने बताइन् । 'देशका लागि पदक जित्न सक्दा मैले आफुलाई भाग्यमानी ठानेकी छु ।

विस्तृत समाचार पृष्ठ ७ मा

**वैदेशिक रोजगार विशेष**

इजरायल र प्यालेस्टाइनबीचको लडाइँमा ९ नेपाली घाइते

# १३ नेपाली युद्धग्रस्त क्षेत्रमा फसे

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज ।



इजरायल र प्यालेस्टाइनबीचको लडाइँमा ९ जना नेपाली घाइते भएका छन् । इजरायल वैदेशिक रोजगारका लागि आकर्षक गन्तव्य मानिन्छ । इजरायलमा नेपालीहरु रोजगार र अध्ययनका लागि जाने गर्छन् । शनिबार बिहानैदेखि प्यालेस्टिनी विद्रोही समूह हमासले इजरायलको दक्षिणी क्षेत्रमा एकसाथ सयौं रकेट आक्रमण गरेको थियो ।

आक्रमणमा परी शनिबार साँझसम्म ९ जना नेपाली घाइते भएको गैर आवासीय नेपाली संघ इजरायलले बताएको छ । उनीहरू दक्षिणी इजरायलको अलुमिन किबुजमा कृषि फार्ममा अध्ययनका लागि गएका थिए । अन्य १४ जना नेपाली विद्यार्थीहरू भिडन्त भइरहेको क्षेत्रमा रहेको र उनीहरूलाई सुरक्षित स्थानमा लैजान समस्या रहेको बताइएको छ ।

हमासका लडाकुहरूले नेपाली रहेको क्षेत्रलाई आफ्नो कब्जामा लिएका कारण उद्धार गर्न कठिन भएको बताइएको छ । इजरायलस्थित नेपाली दूतावासले विद्यार्थी र

»» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT

यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Office Secretary -2 (F)**
Smart & Intelligent
Height : 5:4 Ft
Language : Nepali, English & Hindi
Skill : Computer Knowledge

**Documentation -2 (F)**
Smart & Intelligent
Height : 5:4 Ft
Language : Nepali,English & Hindi
Skill : Computer Knowledge

**Pro-2 (F/M)**
Smart & Intelligent
Height : 5:4 Ft
Language : Nepali,English & Hindi
Skill : Computer Knowledge

SALARY Negotiable

9851170405
01-5104632
01-5104634

Send us your CV:
Dyubaraj789@gmail.com

(Minimum 2 Years of Experience in the related field)

DHR Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEA TIME — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०६/१९ — चलानी नं.: ६०२०८७८३ — L.T. No.: 293639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७४० | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 3 | 0 | | 1400 | ५१,०३० | | | | | | | |
| 3. | Waiter | 11 | 0 | | 1400 | ५१,०३० | | | | | | | |

प्रि-अन्तर्वार्ता आजैबाट दैनिक भइरहेने छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा कम्पनीको प्रतिनिधीबाट मिति २०८० असोज २९, ३० गते (16 & 17 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EQUATOR INTERNATIONAL (P.) Ltd.
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

# ‘कैद मिनाहा दिने कानूनी व्यवस्था गलत’

**झापा/मस-**नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अदालतबाट दोषी ठहर भएकाहरूलाई सत्ताको आडमा कैद मिनाहा दिने कानूनी व्यवस्था गलत भएको बताएका छन् ।

कांग्रेस झापाको जिल्ला सम्मेलनलाई शनिबार दिउँसो सम्बोधन गर्दै महामन्त्री शर्माले कानुनी शासन भएको लोकतान्त्रिक मुलुकमा सत्ताको दुरुपयोग गरेर कैद मिनाहा गर्ने प्रचलन बढ्दै जाँदा जनतामा असन्तुष्टि बढेको बताए ।

उनले भने, ‘सोझै नेताहरूले राष्ट्रपति प्रयोग गरेर कैदमा आममाफी दिनु गलत हो । माफी नै दिनुपर्दा पीडित परिवारको सहमतिमा मात्र दिइने कानुनी व्यवस्था हुनुपर्छ ।’ उनले पीडित परिवारको सहमतिबेगर कुनै पनि आममाफी दिन नहुने बताए । साउदी अरबजस्ता मुलुकमा मृत्युदण्ड घोषणा भइसकेका अभियुक्तलाई समेत आममाफी दिने चलन रहेको चर्चा



गर्दै महामन्त्री शर्माले भने, ‘मृत्युदण्डको फैसला भइसकेका व्यक्तिलाई पनि ‘ब्लड मनी’ का आधारमा सजायबाट माफी दिने चलन नभएको होइन । तर, त्यो ‘ब्लड मनी’ स्वीकार गर्ने कि नगर्ने भन्ने कुरा राजकीय सत्ताले होइन, पीडित परिवारले निर्णय गर्छ ।’

भ्रष्टाचारविरुद्धको फाइल खोलेर गठबन्धन सरकारले राम्रो कार्य गरेको बताउँदै महामन्त्री शर्माले सरकारले राम्रो काम गर्दा समर्थन र नराम्रो काम गरे विरोध जनाउने नीति लिएको स्पष्ट पारे । उनले शिक्षा विधेयकमा सरकारले कमजोरी गरेको हुँदा अब नेपाल शिक्षक महासंघसँग भएको सहमतिको हुबहु पालना गर्दै संशोधनसहित विधेयक सदनमा ल्याउन सरकारलाई आग्रह गरे ।

कार्यक्रममा कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले पूर्वी नेपालमा हिंसा र अशान्तिको गन्ध आउन थालेको भन्दै चिन्ता व्यक्त गरे । उनले कांग्रेस सरकारमा हुँदा मुलुकमा शान्ति स्थापना हुने र सरकारको नेतृत्वमा नहुँदा हिंसाका घटना बढ्ने गरेको बताए ।

# संघीय निजामती ऐन संशोधनको माग गर्दै कर्मचारी विरोधमा

**भोजपुर/मस-**संघीय निजामती सेवा ऐन संशोधनसहित स्थानीय तहका कर्मचारीको माग सम्बोधन गर्न माग गर्दै देशभरका स्थानीय तहका कर्मचारी आन्दोलित बनेका छन् । सोही माग राख्दै भोजपुर नगरपालिकामा कार्यरत कर्मचारी पनि सरकारको विरोध उत्रिएका छन् । शुक्रबार कर्मचारीहरु कार्यालयमा उपस्थित भइ ११ बुँदे माग सहित विरोधको ब्यानर र हातमा कालो पट्टी बाँधेर प्रदर्शनमा उत्रिएका थिए ।




नगरपालिकामा कार्यरत लेखा अधिकृत मुकुन्द राईको संयोजकत्वमा ११ सदस्यीय नगरस्तरीय हकहित समन्वय मञ्च गठन गरी विरोध शुरु गरिएको हो ।

निजामती सेवा ऐनको नामसंशोधन सहित विभिन्न ११ बुँदे माग राखेर नगरपालिकामा कार्यरत कर्मचारीले विरोध जनाएका हुन् । जसअन्तर्गत स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था हुनुपर्ने, निजामती परिभाषाभित्र स्थानीय तहको कर्मचारीलाई समेत समावेश गर्नुपर्ने, बिना सहमति ७ सय ५३ वटै स्थानीय तहमा चक्रीय प्रणालीमा सरुवा गर्नुपर्ने रहेको छ ।

त्यस्तै समायोजनका कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने, तीनै तहका कर्मचारीलाई समान वृद्धि विकासको व्यवस्था गरिनुपर्ने, स्थानीय तहमा कार्यरत कर्मचारीलाई कर्मचारी कल्याणकोषको अनिवार्य व्यवस्था गर्नुपर्ने, अस्थायी तथा करार कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने, निजामती अस्पतालबाट प्राप्त हुने सेवासुविधा उपलब्ध गराउनुपर्ने, जुनसुकै तहको विज्ञापनमा उमेरहद नलाग्ने र सेवा अवधि जोडिने व्यवस्था गर्नुपर्ने तथा स्थानीय सेवाका कर्मचारीलाई ट्रेड युनियनको अधिकार प्रदान गर्नुपर्ने मागसहित विरोध कार्यक्रम आयोजना गरिएको संयोजक राईले जानकारी दिए ।

उनका अनुसार सरकारले स्थानीय तहमा कार्यरत कर्मचारीहरुको माग सम्बोधन नगरेसम्म सशक्त आन्दोलन गर्ने, प्रत्येक पालिका, वडा कार्यालयमा पूर्णरुपमा पेन डाउन गर्नेलगायत कार्यक्रम रहेको छ । देशव्यापीरुपमा स्थानीय तहका कर्मचारीले असोज ८ गतेदेखि नै ऐनको विरोध गर्दै आएका छन् ।

# डा. गैरेलाई कर्मयोगी र अभिलाषीलाई युवा प्रतिभा पुरस्कार प्रदान

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २० असोज

हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरले एक भव्य साहित्यिक कार्यक्रमकाबीच साहित्यकार डा.नारायण प्रसाद शर्मा गैरे र कवि नवीन अभिलाषीलाई सम्मान गरेको छ । कर्मयोगी बद्री विक्रम थापाको नाममा स्थापित कर्मयोगी बद्री विक्रम पूर्णिमा वाङ्मय पुरस्कार-२०८० बाट डा.गैरे र कर्मयोगी बद्री विक्रम पूर्णिमा युवा प्रतिभा पुरस्कार-२०८० कवि अभिलाषीलाई प्रदान गरिएको हो । पुरस्कारको राशी जनही रू.२० हजार ५ रुपैयाँले रहेको छ ।

कार्यक्रममा प्रमुख अतिथि गोरखापत्रका पूर्व प्रधान सम्पादक, साहित्यकार श्रीओम श्रेष्ठ रोदनले पश्चिम क्षेत्र साहित्य प्रतिको लोभलाग्दो सक्रियताले आफुहरूलाई थप उर्जामिलेको बताए । उनले कर्मयोगी बद्री विक्रम थापा जहा-जहाँ आफ्नो कार्यको सिलसिलामा रहे त्यहि जिल्लामा साहित्य लगायतका सेवा सम्बन्धी काममा पुरस्कार




स्थापना गर्दै आएको बताए ।

कार्यक्रमका विशिष्ट अतिथि तथा नेपाल प्राज्ञ प्रतिष्ठानका पूर्व सदस्य सचिव सनत कुमार रेग्मीले सम्मानित स्रष्टालाई बधाई दिँदै साहित्यको उन्नयनमा प्रतिष्ठानले गर्दै आएको अभियानले आफ्नो युवावस्थाको जोश, सक्रियता सम्झाएको बताए । उनले पश्चिम नेपालको साहित्यको केन्द्रका रूपमा कोहलपुरको साहित्य रहेको पनि बताए ।

कार्यक्रमका विशिष्ट अतिथि तथा कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण प्रसाद आचार्यले यसरी हरेक पटक साहित्यको कार्यक्रम सहभागी हुन पाउँदा आफू र साहित्य नगरीको रूपमा कोहलपुर चिनिएको खुशी व्यक्त गरेका थिए । उनले यसपटकको बजेटमा साहित्यको विकासका लागि रकम विनियोजन गरेको बताउँदै वाङ्मय प्रतिष्ठान गठनका लागि आफुहरू छलफलमा रहेको समेत बताए ।

पूर्णिमा साहित्य प्रतिष्ठानलले यसअघि वाङ्मय पुरस्कार कलाकार प्रेमदेव गिरी र युवा प्रतिभा पुरस्कार शेखर दहितलाई प्रदान गरिएको प्रतिष्ठानका अध्यक्ष कपिल अन्जानले बताएका थिए । उनले भाषा, कला, साहित्यमा निरन्तर सक्रिय रूपमा लाग्दै आएका व्यक्तिहरुलाई सम्मान गरिँदै आएको बताए ।

कार्यक्रममा डा.देवेन्द्र आचार्यले गजल, शान्ति अधिकारीले मुक्तक, बद्री ढकाल हिरामणिले हाइकू, चन्द्रावती अधिकारीले छन्द कवि, लक्ष्मण मानवले गद्य कविता, निरन्जना चन्द निरूले साइनो, शान्ति सुनारले गीत र निकिता बोहराले बाल कविता वाचन गरेका थिए । कार्यक्रम नेपाल प्राज्ञ प्रतिष्ठानका प्राज्ञ सदस्य महानन्द ढकाल, शशीराम काकी, हरि तिमिल्सिना, साहित्यकारहरू सृजन लम्साल, डा.जनार्दन आचार्य, किरण आचार्य, तिलक न्यौपाने, सागर गैरे, सुमित्रा न्यौपाने, खोपीराम वली, पुष्कर रिजाल, प्रकाश मरासिनी, ईश्वरी प्रसाद रिजाल, कल्पना खरेल जिज्ञासु, सन्तोषी विष्ट लगायत २ सय बढी साहित्यकारहरुको सहभागिता रहेको थियो ।

# उद्योग वाणिज्य संघ लहानले फिर्ता लियो विज्ञप्ति


**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २० असोज

उद्योग वाणिज्य संघ लहानले आफूले जारी गरेको विज्ञप्ति फिर्ता लिएको छ । संघका अध्यक्ष विकास कुमार सारडाले विज्ञप्ति फिर्ता लिएको बताएका छन् ।

अध्यक्ष सारडाले जारी गरेको विज्ञप्तिमा भनिएको छ,‘कुनै पनि राजनीतिक संगठनलाई ठेस पुगेको छ भन्ने उक्त शब्द फिर्ता लिएको जानकारी गराउन चाहन्छौं ।’

उनले सधैँ झैँ सम्पूर्ण व्यवसायहरुलाई सद्भावका साथ व्यवसाय गर्न अनुरोध गरेका छन् ।

विज्ञप्तिमा वाणिज्य, आपूर्ति, घरेलु तथा साना उद्योग कार्यालय



लहान र गोलबजार नगरपालिकाले संयुक्त रुपमा गरेको अनुगमनको क्रममा भएको मुठभेडप्रति संघको ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा नगरपालिकाका उपमेयर र कर्मचारीको पनि उपस्थितमा घटना भएकाले घटनाको विषयमा छानविन गर्न नगरप्रमुखलाई अनुरोध गरेका थिए ।

‘सबै राजनीतिक पार्टीका व्यवसायी संगठन तथा नेकपा एमाले निकट व्यवसायीक संगठनका साथीहरुलाई भ्रमिक खबर मिडियामा सम्प्रेशन नगर्न हार्दिक अनुरोध गर्दछौं’ विज्ञप्तिमा भनिएको छ ।

सबै व्यवसायिक संगठन तथा व्यवसायीहरुलाई सद्भावका साथ व्यापार, व्यवसाय गर्न समेत अनुरोध गरिएको छ ।

### लिङ्देनको...

यस सम्बन्धमा निर्णय गर्ने अधिकार राप्रपाले पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनलाई सुम्पेको छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा फेरि पनि सरकारको नेतृत्वमा कांग्रेसको दाबी स्वाभाविक रहने बताउँछन् । तर, गठबन्धनको निर्णय मान्ने उनको जवाफ छ । भन्छन्, ‘एमालेसँग सहकार्यको सम्भावना छैन । कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी वा जसपाको गठबन्धनले जे निर्णय गर्छ त्यस आधारमा अगाडि बढ्छौं ।’

नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता राजेन्द्र राई प्रदेश प्रमुखले नयाँ सरकार गठनको आव्हान गरेपछि गठबन्धन दलबिच छलफल गरेर मुख्यमन्त्रीको उम्मेदवार टुंगो लगाउने बताउँछन् ।

‘मध्यावधि रोक्न र सहमतिको स्थायी सरकार बनाउन हाम्रो पार्टीको नेतृत्वमा सरकार बन्नुपर्छ । अब फेरि विश्वासको मत प्राप्त नगर्ने गरी सरकारको नेतृत्व दाबी गर्नु हुँदैन भन्ने हाम्रो निष्कर्ष छ’ आङ्बोले भने । यसअघि कांग्रेसको नेतृत्वमा सरकार गठन गर्नका लागि माओवादीले एमालेसँगको सहकार्य तोडेको, सभामुखलाई राजीनामा गराएर त्याग गरेको उनको भनाइ छ ।

राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौला सल्लाह गरेर अगाडि बढ्ने बताउँछन् । उनी भन्छन्, ‘मध्यावधिमा जाने अवस्था बन्दैन । राप्रपा समन्वय, सहयोग गर्ने भूमिकामा रहनेछ । अघिल्लो पटक जस्तो उपसभामुख बिरामी हुने वा ज्येष्ठ सदस्यहरू अनुपस्थिति हुने खालको परिस्थिति बन्दैन ।’

### सकसमा...

समितिमा बसेका व्यक्तिप्रति प्रश्न गरेका थिए । बागमतीमा पनि ओलीको समर्थन पाएका कैलाश ढुंगेलले इतर समूहका कृष्ण दाहाललाई हराए । यो प्रदेशमा अरु भन्दा मतान्तर बढी थियो ।

यद्यपि दुई मत धेरै ठूलो अन्तर नभएको दाहाल बताउँछन् । ‘६ सय ल्याएर जित्नुभयो । तर सबै नेता लाग्दा पनि मैले ४ सय ल्याए । मैले ल्याएको मत थोरै होइन’, भन्छन् ।

तर लुम्बिनीमा इतर समूहबाट उम्मेदवार बनेर राधाकृष्ण कँडेलले जिते । उनले दुई मतले मात्रै जितेपनि त्यसको सन्देश भने ठूलो थियो । किनकि महासचिव पोखरेलको यो गृहप्रदेश थियो । कर्णालीमा संस्थापनले अगाडि सारेका शाहीलाई हराउँदै गुलावजंग शाहले सानदार जित निकाले । शुक्रबार मात्रै सकिएको गण्डकी प्रदेशको चुनावमा त संस्थापन समूहको प्यानल नै पराजित भयो ।

उपमहासचिव पृथ्वीसुब्बा गुरुङले अगाडि सारेको प्यानलले नै जितेको थियो । खगराज अधिकारीलाई अगाडि सारेर अध्यक्ष ओली र महासचिव पोखरेलले समर्थन गरेको मायानाथ अधिकारीलाई हराउँदै नवराज शर्माले जितेका थिए । अरु चार पदमा पनि शर्माकै प्यानलले जित्यो । यसको असर अधिवेशन हुन बाँकी सुदूरपश्चिम र मधेशमा पनि पर्ने नेताहरु बताउँछन् ।

### इजरायल...

रोजगारीका लागि गएका नेपालीलाई आक्रमण जारी रहेकाले सतर्क रही सम्पर्कमा रहन र आफू बसेको घर तथा आवासबाट बाहिर ननिस्कन पनि आग्रह गरेको छ । इजरायलमा गत वर्ष मात्रै ७ सय ८६ जना नेपाली कामदार गएका थिए । यस वर्ष भदौमा ५१ जना र साउनमा ३८ जना श्रम स्वीकृति लिएर उक्त मुलुक गएका छन् ।

दुवै तर्फबाट स्थल र रकेट आक्रमण जारी रहेकाले क्षतिको विवरण एकिन गर्न नसकिने अलजजिरालगायतका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् । इजरायलले शनिबार साँझसम्म ४० जनाको मृत्यु र ७ सय ५० भन्दा बढी घाइते भएको जनाएको छ । प्यालिस्टिनीतर्फ १६० जनाको मृत्यु र एक हजार घाइते भएको बताइएको छ । प्यालिष्टिनीहरूले ५७ इजरायली सैनिकलाई नियन्त्रणमा लिएको दाबी गरेका छन् ।

# प्रहरीद्वारा घरेलु मदिरा नष्ट



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० असोज

जिल्ला प्रहरी कार्यालय रौतहट गौरले नियन्त्रणमा लिएको ५६० लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ । जिल्लाको परोहा न.पा.वडा नं.५, राजपुर न.पा.५, मौलापुर न.पा.९ स्थितमा अवैध रुपमा सञ्चालनमा रहेको घरेलु मदिरा उत्पादन गर्ने ८ वटा भट्टीहरु तथा तयारी मदिरा ५६० लिटर र मदिरा बनाउने कच्चा पदार्थ ३२ सय लिटर समेत नियन्त्रणमा लिएर नष्ट गरिएको हो ।

साथै मदिरा उत्पादन गर्ने मेसिन ६ थान, भाडावर्तन ११ थान तथा ड्रमहरु १० थान समेत बरामद गरिएको छ । चाडपर्व नजिकिँदै गर्दा जिल्लाको विभिन्न स्थानमा मदिरा भट्टी सञ्चालनमा रहेको मदिरा भट्टीहरु नष्ट गर्न कार्यालय तथा मातहतबाट समेत विशेष प्रहरी टोली परिचालन गरिएको प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता दामोदर के.सी ले जानकारी दिए ।

# निमा एकेडेमीको आयोजनामा अन्तर्राष्ट्रिय रोबोटिक्स, कोडिङ र एआई प्रतियोगिता

**काठमाडौं/मस-** निमा एकेडेमीले कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरूका बीचमा रचनात्मकता, नवीनता र उद्यमशीलताको सीपलाई अभिवृद्धि गर्ने महत्वपूर्ण कदमअन्तर्गत एक महत्वपूर्ण कार्यक्रमको आयोजना गरेको छ ।

‘कोडेभर ५.० रिजनल’ नाम दिइएको कार्यक्रमका लागि यही असोज १९ देखि नाम दर्ता खुला गरिएको छ । यस प्रकारको टेक इभेन्ट रोबोटिक्स, कोडिङ र एआई च्याम्पियनसिप नेपालमा पहिलो पटक भएको नेपालको अग्रणी एडटेक कम्पनीको भनाइ छ ।

यो च्याम्पियनसिप स्टेम्पपेडियालगायतद्वारा आयोजित संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्यसँग आवद्ध वार्षिक कार्यक्रम भएको कम्पनीको भनाइ छ । निमा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत निश्चल प्रधानले यो कार्यक्रम नेपालमा रोबोटिक्स, कोडिङ र आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा विद्यार्थीको उत्कृष्टता र पहिचानलाई अभिवृद्धि गर्ने एक ऐतिहासिक कोसेढुंगा हुने बताए ।

यो कार्यक्रममा देशभरका एक सय विद्यालयका करिब दुई सय विद्यार्थीहरू सहभागी हुने अपेक्षा गरिएको छ । राष्ट्रिय रूपमा चयन गरिएका कुल सहभागीहरुमध्ये ५० जना सहभागीहरूले निमा एकेडेमीमार्फत उद्योग विशेषज्ञहरूद्वारा परामर्श तथा मार्गदर्शन प्राप्त गर्ने छन् । उनीहरूलाई जनवरी र फेबुअरी २०२३ को बीचमा आयोजना हुने तय गरिएको क्षेत्रीय प्रतिस्पर्धा समारोहमा सम्मानित गरिनेछ । कुल ५० टिमहरूमध्ये शीर्ष १० टिमहरूलाई २०२४ अप्रिलमा दुबईमा हुने ग्रान्ड फिनाले समारोहको लागि छनोट गरिने बताइएको छ । शीर्ष सय अन्तर्राष्ट्रिय सहभागीहरूलाई अमेरिकी डलर २५ हजार बराबरको रकम वितरण गरिने आयोजकले बताएको छ ।


## कतारमा रोजगार

कम्पनी: ROYAL TEAM TRADING AND CONTRACTING W.L.L
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/०२/१९ | चलानी नं.: ६०२०२४३९ | LT. No.287083 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,११० | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 6 | 0 | | 1200 | ४३,३३२ | | | | | | | |
| 3. | Electric Tech. | 2 | 0 | | 3500 | १२६,३८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २८ गते (15 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Gov. Lic No. 1426/074/075
Samakhusi Townplanning, Kathmandu, Nepal
Mobile: 9851152243 (Whats App Message Only No calls)
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय, दैलेख**

**आधिकारिक बिक्रेतामा सूचीकृत हुन र दर रेट पेश गर्नेसम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०८०/०६/१९**

आ.व. २०८०/८१ मा यस अस्पतालको प्रयोगशाला तथा एक्स-रे विभागमा रहेका निम्नानुसारका मेसिनरी उपकरणका लागि प्रयोग हुने केमिकल्स, किट्स तथा एक्स रे फिल्महरु प्रोप्राइटर मालसामानका (Closed Items) रुपमा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनी तथा सो कम्पनीका नेपालस्थित आधिकारिक बिक्रेतासँग सार्वजनिक खरिद ऐन २०६३ (संशोधनसहित) को दफा ४१ को १ (ग) एवम् सार्वजनिक नियमावली २०६४ (संशोधनसहित) को नियम ८५ को दफा ३ र ३ (क) मा व्यवस्था भएबमोजिम खरिद गर्नुपर्ने व्यवस्था भएबमोजिम खरिद गर्नुपर्ने भएकाले आधिकारिक बिक्रेतालाई सूचीकृत हुन तथा दररेट पेश गर्नका लागि १५ दिने सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Name Of Items | Manufacture | Model no. |
|---|---|---|---|
| 1 | 5 Part Hematology Analyzer with Autoloader | B&E Diagnostics | Hemax 530 AI |
| 2 | Fully Automatic Biochemistry Analyzer | Mindray | BS360E |
| 3 | Chemiluninescence Immunoassay Analyzer | Mindray | CL 900i |
| 4 | Electrolyte Analyzer | Horron | H900A |
| 5 | Erba Electro lyte [Erba lyte] | Erba | |
| 6 | 3 Part Hematology Analyzer | Medonic | |
| 7 | Fully Automatic Cillia | Realy | Rl-C2000 |
| 8 | Automated Blood Culture | ABCS | TDR-X060 |
| 9 | Coagulation | Mindray | C2004 |
| 10 | Coagulation | Erba | ECL 105 |
| 11 | Trimax Laser imaging X-Ray Film- "8*10" & "10*12" | Timax | Carestream (CR) |

नि. स्वास्थ्य सेवा व्यवस्थापक



**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/२१**

**टाइम्स पोलिक्लिनिक एण्ड हेल्थ केयर सेन्टर प्रा.लि.** को मिति २०७९/०२/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जीबनद्वीप हेल्थ केयर सेन्टर प्रा.लि. (प्रा.लि. नं.: २३९४७९)** साथै साविक ठेगाना परिवर्तन गरी **रौतामाई गा.पा.-०७, उदयपुर** कायम गर्ने गरी मिति २०७९/०३/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**काठ लिलाम सम्बन्धी १५ दिने सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/०२१**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन गरी समूहको घाटगद्दिमा रहेको खयर जातको तपशिल बमोजिमको काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले मुल्य अभिबृद्धि करमा दर्ता भै वन पैदावार सम्बन्धी कारोबार गर्ने काठमा व्यावसायी फर्म वा कम्पनी/उद्योगले यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले १५औं दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गोदावरी न.पा. वार्ड नं. ८ स्याउले बजारमा गोप्य शिलबन्दी बोलपत्र गर्न हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.न. | लट नं. | जात | थान | ग्रेड | परिणाम/क्यू फिट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | खयर | ४१ | - | ६९८.०४ | |

**श्री सूर्योदय सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी नगरपालिका वार्ड नं. ८, कैलाली**

# जिल्ला प्रशासन कार्यालय डोल्पाबाट पहिलो पटक राष्ट्रिय परिचय पत्र वितरण

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २० असोज

जिल्ला प्रशासन कार्यालय डोल्पाले राष्ट्रिय परिचय पत्र वितरण थालेको छ । गत असोज १८ गते बिहीबारदेखि जिल्ला प्रशासन कार्यालय डोल्पाले पहिलो पटक नागरिकलाई राष्ट्रिय परिचय पत्र वितरण गरेको हो ।

बिहीबार जिल्लाबाट अनलाइन फारम भरेका नागरिकलाई छापिएर आएका राष्ट्रिय परिचय पत्र ४ जनालाई वितरण गरिएको छ । २०७७ साल मंसिर ८ गतेदेखि जिल्लाबाट अनलाइन फारम भरेर राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा विवरण पठाएको करिब ३ वर्षपछि राष्ट्रिय परिचय पत्रको डिजिटल कार्ड छापिएर जिल्ला प्रशासन कार्यालयमा आएका हुन् ।



२०७७ सालयता हालसम्म जिल्लाबाट मात्रै ६ हजारले अनलाइन फारम भरिसकेका छन् । जसमध्ये ३ हजार ८ सय राष्ट्रिय परिचय पत्र छापेर जिल्लामा आइसकेको प्रमुख जिल्ला अधिकारी भूमिश्वर पोखरेलले जानकारी दिए ।

प्रजिअ पोखरेलले भने, '३ हजार ८ सय राष्ट्रिय परिचय पत्र छापेर केन्द्रले पठाएको छ । जिल्लामा आइपुगेका राष्ट्रिय परिचय पत्र कम्प्युटरमा स्क्यान गरेर सम्बन्धित व्यक्तिको मोबाइल नम्बरमा एसएमएस आयो भने राष्ट्रिय परिचय पत्र लिनको लागि जिल्ला प्रशासन कार्यालय डोल्पामा आइ आफ्नो राष्ट्रिय परिचयपत्रको डिजिटल कार्ड लिन आग्रह गर्दछु ।' राष्ट्रिय परिचय पत्र लिन नागरिक जिल्लामा स्वयं उपस्थित हुनुपर्नेछ । राष्ट्रिय परिचय पत्र लिँदा पुन: प्रमाणीकरणका लागि आफ्नो हातको औंलाको स्क्यान गर्नुपर्ने अर्थात बायोमेट्रिक गर्नुपर्ने भएकोले सम्बन्धित ब्यक्ति नै उपस्थित हुनुपर्ने जिल्ला प्रशासन कार्यालय डोल्पाले जनाएको छ ।

संघीय राजधानी पुगेर लाइनमा बसेर धेरै दु:ख गरेर ल्याउनुपर्ने राष्ट्रिय परिचय पत्र अब भने जिल्लाबाट लिन पाउँदा निकै खुसी लागेको राष्ट्रिय परिचय पत्र लिन आएका सेवाग्राही डिलप्रसाद रोकायाले बताए । रोकायाले भने, 'अब तपाईंले काठमाडौं जानै पर्दैन राष्ट्रिय परिचय पत्र र राहदानी जस्ता कुरा जिल्लाबाट लिन पाउनु हुन्छ सरकारले यो सेवा प्रभावकारी बनाएको छ । अब नागरिकले राहदानी पासपोर्ट र राष्ट्रिय परिचय पत्र जिल्लाबाट अनलाइन फारम भरेर जिल्लाबाटै लिन सक्ने व्यवस्था भएको छ ।'

# भोजपुर दलगाउँका तीन घरपरिवारलाई सोलार

**दीपेन्द्र लुईटेल/मध्यान्ह**
भोजपुर, २० असोज



विद्युतको पहुँचबाट टाढा रहेको भोजपुर दलगाउँकाका तीन घरपरिवारलाई गाउँपालिकाले सोलार सेट उपलब्ध गराएको छ ।

भोजपुरको रामप्रसाद राई गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएका वडा नम्बर ४, दलगाउँका तीन घरपरिवारलाई सोलार सेट सहयोग गरेको हो ।

पालिकाका अध्यक्षबाट सोलार सेट बुझेपछि मीनराज राईले भने, 'सबैतिर बत्ती पुगे पनि हामी अध्यारोमा बस्न बाध्य थियौं । पालिकाको सहयोगले आफूहरुलाई राहत मिलेको छ । हामी खुसी भयौं ।'विद्युतको सेवाबाट वञ्चित दलगाउँका राईसहित मनकुमारी राई र बखतबहादुर राईलाई पालिकाका अध्यक्ष थामबहादुर राईले सोलार सेट हस्तान्तरण गर्दै पालिकाभित्रका कोही पनि नागरिक विद्युत सेवाबाट वञ्चित हुन नपरोस् भन्नका लागि सहयोग गरिएको बताए ।

'विद्युत सेवाका लागि दूरी टाढा र आर्थिक अवस्थासमेत कमजोर भएकाले तीन परिवारलाई सहयोग गरेका हौं', उनले भने ।

विद्युत नहुँदा अन्धकारका बस्न बाध्य परिवारलाई पालिकाले सहयोग गरेपछि सबै क्षेत्रमा विद्युत विस्तार भएको वडाध्यक्ष बाबुकुमार राईले बताए । उनका अनुसार विद्युत प्राधिकरणबाट सबै क्षेत्रमा विद्युत विस्तार भएपनि दूरी तथा आर्थिक अवस्था कमजोर भएकाले तीन परिवारको घरमा सेवा पुगेको थिएन ।

चाडपर्व नजिकिएसँगै गाउँपालिकाले वडा तहमा पुगेर ज्येष्ठ, अपाङ्गता भएका तथा अशक्त नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण शुरु गरेको छ । पालिकाले एनआइसी एसिया बैंकको समन्वयमा दलगाउँका एक सय ५४ लाभग्राहीलाई स्वास्थ्य परीक्षण गरी भत्ता उपलब्ध गराइएको पालिकाका अध्यक्ष राईले जानकारी दिए । पालिकाले आगामी २५ गतेसम्म सबै वडामा पुगेर भत्ता वितरण सम्पन्न गर्ने जनाएको छ ।

# देवदहमा कर सहभागिता अभियान प्रभावकारी बन्दै

**निशान्त पाठक/मध्यान्ह**
रुपन्देही, २० असोज

रुपन्देहीको देवदह नगरपालिकामा कर सहभागिता अभियानलाई थप प्रभावकारी बनाउन वडा नं ३ मा छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बल्दै देवदह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले रोगले आफूलाई मात्र खाने तर कर नतिरे सात पुस्तालाई खाने अथवा गाह्रो हुने बताए ।

उनले भने, 'जीवनमा सबैभन्दा महत्वपूर्ण भनेकै कर र मृत्यु हो,



त्यसैले समयमै कर बुझाएर मानवदायित्व पूरा गर्नुपर्छ । जसरी माहुरीले फूलको रस निकाल्दा निरन्तर मिहिनेत गरिरहन्छ त्यसरी नै कर प्रशासन पनि चुस्त हुनुपर्छ ।'

कार्यक्रममा वडा नं ३ का वडा अध्यक्ष यज्ञप्रसाद अर्यालले कार्यक्रमको अध्यक्षता र प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, सबै टोल विकास समितिका अध्यक्ष, सामाजिक कार्यकर्ता, वडा कार्यालयका कर्मचारीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम वडा सचिवले सञ्चालन गरेका थिए । कर सहभागिता अभियानको बारेमा प्रमुख प्रशासकीय अधिकृत सापकोटाले प्रकाश पारेका थिए । सहभागीहरुले स्थानीय करका बारेमा विभिन्न जिज्ञासाहरु राखेका थिए । सहभागीहरुका जिज्ञासाको उत्तर वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले दिएका थिए ।

# एनआरएनए एनसीसी कुवेतको कार्यक्रममा हुलदंगा

**सुरेश भट्ट आश्रित/मध्यान्ह**
कुवेत, २० असोज

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कुवेतको २०२३-२०२५ कार्यकालको कार्यसमितिको सपथ ग्रहण तथा वार्षिक कार्ययोजना प्रस्तुतीकरण, प्रेस मिट कार्यक्रममा हुलदंगा हुँदा विथोलेको छ ।



अतिथि वक्ताको रुपमा आमन्त्रण गरिएका कुल आचर्य पक्षका एनसीसी कुवेतका अध्यक्ष राणा ध्वज लामाले एक हुल अराजक शैलीका व्यक्तिहरुलाई नौसाद होटेल फर्वानियाको कार्यक्रमहलमा अवैधानिक रूपमा प्रवेश गराइ कार्यक्रमको ब्यानर च्यात्ने, मानसिक थ्रेट दिने र गुण्डागर्दी शैलीमा नवनिर्वाचित कार्यसमितिलाई अमर्यादित शब्दहरूको प्रयोग गर्ने जस्ता कार्य गरेको निवर्तमान अध्यक्ष युवक राईले जानकारी दिए ।

उनले एनआरएनए बद्रि समूहको अराजकतावादी निन्दनीय र सामाजिक मूल्य मान्यताविरुद्धको गतिविधि गरेकोमा दु:ख व्यक्त गरेका छन् ।

गैरआवासीय नेपाली संघको नाममा हुने अमानवीय कार्यले संस्थाको गरिमा र संस्थाप्रति दिनानुदिन विश्वास गुमेको भन्दै अध्यक्ष विनोद कुँवरलाई एनसीसी कुवेतले तत्काल यस्तो गतिविधि रोक्न बद्रि केसी नेतृत्वको समूहलाई सचेत गराउन अनुरोध गरिसकेको एनआरएनए एनसीसी कुवेतका अध्यक्ष धिरेन सुवेदीले बताए ।

बद्री केसी नेतृत्वको मध्यपूर्वका समूहले खाडी राष्ट्रका अन्य देशहरूमा समेत गुण्डाहरूको प्रयोग गर्दै विनोद कुँवर पक्षका एनआरएनएका सदस्यहरूलाई दु:ख दिने र समाजका अगुवाहरूमाथी कुटपिट गर्ने गरेको बताइएको छ ।

# स्वास्थ्य समीक्षामा त्रिपुरासुन्दरी प्रथम, मेलम्ची दोस्रो

**देवराज सेवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २० असोज

स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकको वार्षिक समीक्षा सम्पन्न भएको छ । समीक्षामा उत्कृष्ट स्वास्थ्य शाखाहरु पुरस्कृत भएका छन् । शुक्रबार र शनिबार जिल्ला सदरमुकाम चौतारामा सम्पन्न समीक्षासहित गत आर्थिक वर्षमा कार्य सम्पादन मुल्यांकनका आधारमा पुरस्कृत गरिएको स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकका प्रमुख अनुप अधिकारीले बताए । उनले स्वास्थ्य क्षेत्रको वास्तविक अवस्था पहिचान गर्न आगामी योजना निर्माण गरी प्रगती प्रतिशत वृद्धि गर्न स्तर निर्धारण गरिएको समेत जानकारी दिए ।

कार्य सम्पादनका विभिन्न मापन शीर्षकका आधारमा नम्वर प्रदान गरिएको हो । उक्त मुल्यांकन अनुसार जिल्लाका १२ स्थानीय तहमध्ये त्रिपुरासुन्दरी गाउँपालिका ७९.५ नम्वरसहित प्रथम, मेलम्ची नगरपालिका द्धितीय र बाह्रविसे नगरपालिका तृतीय भएका छन् । त्यस्तै चौथो पाँचपोखरी थाङ्पाल गाउँपालिका, पाँचौ चौतारा साँगाचोकगढी नगरपालिका, छैटौ सुनकोशी गाउँपालिका, सातौ लिसंखुपाखर गाउँपालिका भएका छन् । बलेफी, जुगल र ईन्द्रावती गाउँपालिका समान अंक प्राप्त गरी आठौ नम्वरमा रहेका छन् । त्यस्तै नवौं र दशौं स्थानमा क्रमश हेलम्वु र भोटेकोशी गाउँपालिका परेका छन् । भोटेकोशीले ५६ नम्वरसहित दशौ नम्वरमा परेको हो । स्वास्थ्य संस्थाबाट सेवा प्रदान गरिने विभिन्न बीस वटा इण्डिकेटरका आधारमा स्वास्थ्य शाखाले प्राप्त गरेका नम्वरबाट शाखाको स्तर निर्धारण भएको मुल्यांकन समिति संयोजक तथा जिल्ला समन्वय अधिकारी गोमा ढकालले बताइन् ।

आर्थिक वर्ष २०७९/०८० मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरीय वार्षिक समीक्षा गोष्ठी समापन समारोहमा उत्कृष्ट कार्य सम्पादन गरेका स्वास्थ्य शाखाहरुलाई मेडल तथा प्रमाणपत्रका साथ पुरस्कृत गरिएको हो । जिल्लाका १२ स्थानीय तहका स्वास्थ्य शाखा, जिल्ला



अस्पताल चौतारा, स्वास्थ्य कार्यालय सिन्धुपाल्चोक, महिला आत्मनिर्भरता केन्द्र मेलम्ची, फेयरमेड, जिल्ला आयुर्वेदिक कार्यालय, सामुदायिक आँखा केन्द्रलगायत सिन्धुपाल्चोकमा स्वास्थ्य क्षेत्रमा कार्यरत संस्थाहरुले गत आर्थिक वर्षमा सम्पादन गरेका कामको प्रगती प्रस्तुत गरेका थिए ।

समीक्षा कार्यक्रमको सुरुवातमा जानकारी दिने एक अर्को स्थानीय तहको सकारात्मक अभ्यासको अनुशरण र प्रगती प्रतिशत वृद्धि गर्न समीक्षा कार्यक्रम महत्वपूर्ण सावित हुने प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले बताए ।

त्यस्तै कार्यक्रमको समापन कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठले जिल्लामा स्वास्थ्य क्षेत्रमा भएको प्रगती सन्तोषजनक रहेको, यसलाई थप प्रगती प्रतिशत वढाउन सबै पक्ष लाग्नुपर्ने बताए । साथै वैज्ञानिक र व्यवहारिक कोणबाट कार्यसम्पादन मुल्यांकन गरिएकोमा खुशी व्यक्त गरे । समापन समारोहमा पुरस्कार ग्रहण गर्दै प्रथम हुने त्रिपुरासुन्दरी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख चन्द्रनारायण शाह, द्धितीय हुने मेलम्ची नगरपालिका स्वास्थ्य शाखा प्रमुख ज्ञानेन्द्र घोरासैनी र तृतीय हुने बाह्रविसे स्वास्थ्य शाखा प्रमुख राजकुमार पौडेलले सुधारात्मक लक्ष्य प्राप्तिमा इण्डिकेटर फलो गर्ने प्रतिवद्धता ब्यक्त गरे ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०९/२३ मा दर्ता भएको **प्रा.लि. नं. २०६१६९** को **नेपाल ल्याण्डस्केप ट्रेक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**डिभिजन वन कार्यालय, भेरी, बाबियाचौर, सुर्खेतको**
**काठ/दाउरा लिलाम बिक्रि सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशन मिति २०८०/०६/२१**

यस डिभिजन वन कार्यालय अन्तर्गत बराहताल सव.डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र पर्ने बराहताल गा.पा. ४ स्थित भाडे राष्ट्रिय वन क्षेत्रमा आ.ब. २०७९/०८० मा नियमानुसार कटान, मुछान भई बराहताल गा.पा. वडा नं. ४ को पुर्व: भाडे खोला, पछिम: भेरी नदी, उत्तर: किउरे नी सा.व. र दक्षिणमा वराहताल यति चार किल्लाको पखोरेको भाई भन्ने स्थानमा घाटगद्यी गरि राखिएको तपसिल बमोजिमका लटमा, जात र परिमाणको काठ जेजस्तो अवस्थामा आफ्नै खर्चमा उठाइए लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत उद्योगहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मिर्तिले २१ (एक्काईस) औं दिनको कार्यालय समयभित्र डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेत वा प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश, डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेत वा वन निर्देशनालय कर्णालि प्रदेश, सुर्खेतमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि.नं | लट नं | जात | थान | परिणाम (क्यू.फिट) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ र २ ०८१/०८२ | साल र अस्ना | १९६ | २९७०.७ | |

## Belauri Municipality
## Office of the Municipal Executive
**Belauri , Kanchanpur**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids

**Invitation for Bids No.: BELMUN/SQ/G/080/081-01**
**Date of publication: 08-10-2023 (2080 Ashwin 21)**

1. Belauri Municipality invites electronic bids from Nepalese eligible bidders for the Supply of medicine and Medical devices in Belauri Municipality. under Sealed Quotation.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (Rs 1000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank** **Name of Office : Belauri Municipality**
   **Office Code no. : 801077604** **Office Account no. : 4390100301010002**
   **Rajaswa (revenue) Shirshak no. : BELAURI NA.PA.(GA-1-1)**
4. Sealed bids must be submitted to the office through e-GP system www.bolpatra.gov.np/egp on or before 13:00 on 27th October 2023 (10th of Karthik 2080). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27th October 2023 (10th of Karthik 2080) 14:00. at the office of Belauri Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 63,000 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
२१ असोज २०८०, आइतबार
8 October 2023, Sunday

## सम्पादकीय

# जनादेश नबिर्स

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राजीनामा दिएसँगै प्रदेशसभाको चुनाव भएको नौ महिनाभित्रै कोशी प्रदेशमा पाँचौं सरकारको खोजी सुरू भएको छ । सर्वोच्च अदालतले सवैभन्दा ठूलो दलका नेताका हैसियतमा कार्कीलाई मुख्यमन्त्री बनाउन गएको २२ भदौमा सर्वोच्च अदालतले परमादेश दिएको थियो । परमादेशसँगै मुख्यमन्त्री बनेका कार्कीले शनिबार विश्वासको मत लिने कार्यसूची तय भएको थियो । तर कार्कीले प्रदेशसभा बैठकमा विश्वासको मत नलिइ राजीनामा दिए । कार्कीको राजीनामासँगै संविधानको धारा १६८ (३) बमोजिम सरकार पनि असफल भएको छ । त्यसअघि धारा १६८ (२) बमोजिम तीन वटा सरकार बन्यो । एमाले नेता कार्की नेतृत्वमा गएको २६ पुसमा बनेको सरकार ढलेपछि गत असार र साउनमा नेपाली कांग्रेसका नेता उद्धव थापा दुईपटक मुख्यमन्त्री नियुक्त भएर पदमुक्त भए ।

प्रदेशसभाले ९ महिनाभित्रै चार वटा सरकार बनाएर फेरि अर्को विकल्पमा जानुपर्ने कारण भने संघीय सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सत्ता स्वार्थ हो । प्रचण्डले एमालेको समर्थनमा प्रधानमन्त्री बन्दा कोशीमा माओवादीसहितको सरकार बनेको थियो । त्यो सरकारसँग प्रष्ट बहुमत थियो । प्रदेशसभाको ९३ सदस्य मध्ये ४० सिट जितेको एमाले नेतृत्वमा बनेको त्यो सरकार जनादेश बमोजिमकै थियो । किनकि संसदीय अभ्यासमा सवैभन्दा धेरै सिट पाउनुको अर्थ सरकारको नेतृत्व गर्नु पनि हो । त्यसो हुँदा ४० सिट जितेको एमालेले सरकारको नेतृत्व गरेर २९ सिटको कांग्रेस प्रतिपक्षी भूमिकामा रहनु जनादेश अनुसार स्वभाविक समीकरण थियो ।

चुनावपछि बनेको त्यो स्वभाविक सरकारलाई जसरी पनि बदल्ने खेलमा संघका नेताहरू लागिपरे । जसअनुसार, कांग्रेस नेतृत्वमा सरकार त बन्यो, तर संवैधानिक व्यवस्था मिचेर बहुमत जुटाउन खोजेको ठहरसहित दुवैपटक सर्वोच्चले थापालाई पदमुक्त गरिदियो । अब संविधानको प्रक्रिया अनुसार, बहुमत जुटाउन सक्ने व्यक्तिको नेतृत्वमा सरकार गठन प्रक्रिया अगाडि बढ्नेछ । तर अहिलेकै राजनीतिक समीकरण कायम राखेर नयाँ सरकार पनि बन्ने संभावना छैन । यदि गठबन्धनले सरकार बनाउने हो भने राप्रपालाई मनाउन आवश्यक छ भने एमालेले बनाउने हो भने गठबन्धनका कुनै एक दललाई आफूतिर तान्नुपर्नेछ । यो दुवै विकल्प सफल नभए प्रदेश मध्यावधिमा जानेछ । मध्यावधि चुनाव संविधान बमोजिम हुने भएपनि दलहरू र तिनका नेतृत्व असफल भएको प्रमाण पनि हो । नेतृत्व असफल भएर फेरि जनताबीच जाने कार्य रोकिएला वा नरोकिएला त्यो चाँडै देखिनेछ । तर फेरि पनि एकपटक नेताहरूलाई कोशीमा जनादेश बमोजिमको राजनीतिक समीकरण बनाएर नागरिक निराशा रोक्ने अवसर भने आएको छ ।

# धर्म र राज्य

*जसले 'धर्म'को नाममा आर्थिक-राजनीतिक लाभ लिन चाहेका छन्, तिनिहरूले धर्म वा धर्म निरपेक्षताको विषयलाई सत्तामा वर्चश्व गर्ने मुद्दा बनाएको देखिन्छ । राज्य शक्तिको दुरूपयोग गर्ने उद्देश्यले 'राज्य धर्म'वकालत गर्नेहरु र 'धर्म निरपेक्षता'को पक्षधर हुनेहरूले राज्यको धर्म हुँदैन भन्नु तात्विकरूपले भिन्न देखिँदैन ।*

अग्रलेख



● विकेश श्रेष्ठ

खास गरेर पहिलो मध्यकाल लिच्छबी राजको समयदेखि हिन्दु र बौद्ध सांस्कृतिक तथा सामाजिक सभ्यतालाई धर्मको रूपमा र धर्मलाई राज्यको शक्तिको साधनको रूपमा प्रयोग गर्न थालियो । हिन्दु संस्कृति र बुद्धत्वको पवित्र ज्ञानको अपभ्रंश हुन पुग्यो । प्राचिनकालिन हिन्दु सांस्कृतिक सभ्यताको ओजलाई मध्यकालिन राज्य र कुलिन वर्गको हितमा प्रयोग हुन पुग्यो ।

हिन्दु शब्दको उत्पति सिन्धु सभ्यताबाट अपभ्रंश हुँदै बनेकोमा इतिहास विद्हरु एक मत छन् । त्यसकारण हिन्दुको अर्थ धर्म नभएर सांस्कृतिक सभ्यता हुन्छ । जसको प्राचिनकालमा सबैभन्दा उन्नत मानव समाजको श्रृष्टि गरेकाहरुको सांस्कृतिक सभ्यता भन्ने बुझिन्छ । हिन्दुको अर्थ धर्म भन्ने कहीँ कतैबाट पुष्टि गर्दैन । त्यसरी नै बुद्ध र बौद्ध ज्ञान जसले समाज सुधारबाट अज्ञानता र असमानताबाट मुक्तिको खोज हो, कालान्तरमा बुद्धलाई नै भगवानको रूपमा पुज्ने अवस्थाले बुद्धत्वको रूप र सार बदलियो । धर्मको शाब्दिक अर्थ कर्तव्यनिस्ठ अर्थात् मानवीय नैतिक-कर्तव्य हो । यसको अलवा बाँकी सबै भ्रम हुन् । धर्मको न नाम, न रूप केही हुँदैन । धर्म सबै समान हुन्छ ।

हिन्दु, बौद्ध, इशाई, ईस्लाम, जैन जस्तै संसारमा हजारौं/लाखौं सांस्कृतिक सभ्यताहरु छन् । यी सांस्कृतिक सभ्यताहरु मानव जातीका युगौंदेखिको त्याग, बलिदान र कर्मबाट सिर्जना भएका हुन् । मानिसहरुले मानवीय नैतिक कर्तव्य पूरा गर्ने क्रममा सांस्कृतिक सभ्यताहरु हरेक समाजमा स्थापित हुँदै गए । पुर्खाले बसालेका सामाजिक तथा सांस्कृतिक मान्यतालाई पालन गर्नु, जगेर्ना गर्नु र कायम गर्नु सन्तान सन्ततिले 'धर्म'को रूपमा मान्दै रहे । मानव समाजले स्वाभावैले आ-आफ्नै प्रकृतिका सांस्कृतिक सभ्यताहरुको रचना र जगेर्ना गर्दै आएका हुन् ।

तर, जुन-जुन सांस्कृतिक सभ्यतालाई राज्यको शक्ति लगाएर प्रचार प्रसार र लागु गरे तिनै धर्म संसारभर प्रसिद्ध भए । राज्य शक्तिको बलमा कुनै पनि धर्मको नाममा जनसमुदायमा मनोवैज्ञानिकरूपले सत्ता चलाउने परम्परा वर्तमानसम्मको यथार्थ हो । सांस्कृतिक सभ्यता मानव समाजका लागि जसरी अपरिहार्य हुन्छ, त्यसरी नै पूर्णरूपले मानिस बन्नका लागि मानवीय, नैतिक कर्तव्य अर्थात् धर्म बाँच्नुको सार हुन्छ ।

धर्म अर्थात् नैतिक कर्तव्य प्राणी जीवजन्तु, पंक्षी र वनस्पतिको पनि हुन्छ । सबैले आफ्नो जीवनमा धर्म पालन गरिरहेको हुन्छ । मान्छेको मात्र होइन; समाज, देश, राज्य सबै आ-आफ्नो ठाउँमा नैतिक र कर्तव्यनिस्ठ बन्नुपर्छ । यसकारण 'धर्म' अर्थात् नैतिक कर्तव्य निरपेक्ष र सापेक्षको विभाजनकारी बहसको विषय हुन सक्दैन । सबैले आ-आफ्ना नैतिक कर्तव्य अर्थात् धर्म पूरा गर्नु पर्दछ ।

जसले 'धर्म'को नाममा आर्थिक-राजनीतिक लाभ लिन चाहेका छन्, तिनिहरुले राज्य धर्म वा धर्म निरपेक्षताको विषयलाई सत्तामा वर्चश्व गर्ने मुद्दा बनाएको देखिन्छ । राज्य शक्तिको दुरूपयोग गर्ने उद्देश्यले 'राज्य धर्म'वकालत गर्नेहरु र 'धर्म निरपेक्षता'को पक्षधर हुनेहरुले राज्यको धर्म हुँदैन भन्नु तात्विकरूपले भिन्न देखिँदैन । किनभने दुबै पक्षको 'धर्म' सम्बन्धमा बुझाई र व्यवहार एक जस्तै रहिरहेका छन् । राज्य धर्मको वकालत गर्ने र धर्म निरपेक्षताको कुरा गर्नेहरुले धर्म जस्तो पवित्र नैतिकता र निष्ठालाई अलौकिक, कर्मकाण्ड, उच-निच, स्वर्ग-नर्क, हिंसा-आतंक आदी बनाउने र मान्ने गरेका छन् । न राज्यरूपको धर्म हुन्छ, न त धर्म बिनाको राज्य र समाज हुन्छ । जब धर्मबारे बुझाई भोगाइ र कर्म नै गलत छन्, भने त्यसको परिणामहरु पनि त्यहीअनुरूप हुने गर्दछ ।



*मानिसको धार्मिक विश्वासलाई निरपेक्ष भएर हेर्ने र व्याख्या विश्लेषण गरेर होइन, समाजलाई वैज्ञानिक दृष्टि र सचेतनाद्वारा पुनरुत्थान गर्न आवश्यकता छ । पूर्वजहरुले हजारौं वर्ष लगाएर बसालेको सामाजिक तथा सांस्कृतिक सभ्यता र नैतिक कर्तव्यको मानवीय विज्ञानलाई वैज्ञानिक दृष्टिबाट पुनरुत्थान गर्नु नै ज्ञानी वैज्ञानिकहरुको मानवीय नैतिक कर्तव्य हुन्छ ।*

मध्यकालको प्रारम्भमा हिन्दु, बौद्ध र शैव सांस्कृतिक सभ्यता र परम्पराको रूपमा सामाजिक जीवनमा सीमित भएकाले सबै सांस्कृतिक सम्प्रदायहरुबिच सद्भाव र मैत्री सम्बन्ध थिए । लिच्छबीकालिन शासन र सामन्तवादी राज्य व्यवस्थापन मजबुत बनाउने प्रपञ्च गर्ने क्रममा धर्मलाई कर्मकाण्ड र स्वर्ग नर्कको मसला बनाइए । त्यसै गरेर हिन्दु संस्कृति र बौद्ध ज्ञानलाई धर्मको रूप नामाकरण गरे । वर्ण व्यवस्था र जात प्रथा हिन्दु संस्कृतिलाई धर्मको नाम दिएर सुरु गरे ।

मूलभुतरूपले नेपाल नेपालीपनमा समायोजित हिन्दु संस्कृति सभ्यता र बौद्ध ज्ञान भूमिको देश हो । विविधता रूप रंगका जाति जनजाती र आदिबासीका भिन्न-भिन्न भाषा संस्कृति सभ्यताको देश आदिमकाल सनातनदेखिको संस्कृति सभ्यताको भूमिको रूपमा यो देशको पहिचान बनेको छ ।

राज्यको चरित्र दमनकारी र विभेदकारी रहुन्जेल राज्यसँग जनपक्षीय नैतिकता र कर्तव्य निष्ठताको अथवा धर्मको आशा राख्नु धोका हुन्छ । यसकारण 'राज्य धर्म'को वकालत गर्नु, धर्मको बारेमा जनसमुदायलाई भ्रमित पारिराख्ने अपराध गरे सरह हुन्छ ।

मानिसका धार्मिक विश्वासलाई अन्यथा लिनु अनुचित हो । धर्म र संस्कृति-सभ्यताप्रति मानिसको अज्ञानताको कारण उत्पन्न अन्धविश्वास, अन्ध भक्तिलाई हेय वा नकारात्मक दृष्टिले मात्र हेर्ने र व्यवहार गर्ने सोच पनि उचित होइनन् । मानिसले आफूसँग भएको ज्ञान र विश्वासअनुसारको जीवन व्यवहार गर्ने हो । सनतानदेखि चल्दै आएको रीति रिवाज परम्परालाई नै धार्मिक विश्वास मान्ने जनसमुदाय सम्प्रदायले अन्धभक्ति, अन्धविश्वास नै भएपनि एक प्रकारले सामाजिक सांस्कृतिक संरचनालाई निरन्तरता दिँदै आएका छन् । समाजलाई जीवन्त बनाएका छन् ।

यसकारण मानिसको धार्मिक विश्वासलाई निरपेक्ष भएर हेर्ने र व्याख्या विश्लेषण गरेर होइन, समाजलाई वैज्ञानिक दृष्टि र सचेतनाद्वारा पुनरुउत्थान गर्न आवश्यकता छ । पूर्वजहरुले हजारौं वर्ष लगाएर बसालेको सामाजिक सांस्कृतिक सभ्यता र नैतिक कर्तव्यको मानवीय विज्ञानलाई वैज्ञानिक दृष्टिबाट पुनरुउत्थान गर्नु नै ज्ञानी वैज्ञानिकहरुको मानवीय नैतिक कर्तव्य हुन्छ ।

राज्य धर्म अर्थात् हिन्दु राज्य, इसाई राज्य, ईस्लाम राज्य, र बौद्ध राज्य आदि पक्षीय धार्मिक सम्प्रदाय वा 'धर्म निरपेक्ष राज्य' पक्षीय धार्मिक सम्प्रदायहरु सच्चा धर्म र संस्कृतिको दृष्टिमा समान छन् । धर्म र संस्कृतिप्रतिको समर्पण कुनै पनि धार्मिक सांस्कृतिक सम्प्रदायका एक अर्कोमा तुलना हुन सक्दैन न कि कुनै पक्ष-विपक्षको असल-कमसल, रूप-विरूप हुँदैनन् । सबै धर्म-संस्कृतिहरु पूर्वजहरुको अनन्तः त्याग तपस्याहरुको योगबाट सिर्जना भएका हुन् । यसर्थ, मानिसमा रहेको धार्मिक विश्वास र सांस्कृतिक समर्पणलाई आदरपूर्वक हेर्ने र बुझ्ने वैज्ञानिक ज्ञान प्राप्त भएका भनिएकाहरुको नैतिक कर्तव्य अर्थात् धर्म हुन आउँछ । यसैको आधारमा समाज रूपान्तरण गर्ने वा नगर्ने कसी छुटिन्छ ।

## सामाजिक सञ्जाल



**- शैलेन्द्र थापा**

मन्त्रिपरिषद्बाट राष्ट्रपति सामु लगेका हरेक निर्णयलाई उनले आँखा चिम्लेर सदर गर्ने रहेछन् त अनि तीन दर्जन बढी सल्लाहकार चाहिँ किन राखेको ? राज्यको ढुकुटी रित्याउने मनसायले हैन त ? अरु त अरु त्यो उपराष्ट्रपति जसको खाने र सुत्ने बाहेक केही काम छैन, उसले पनि डेढ दर्जन सल्लाहकार राखेको रैछ ।



**- डम्मर खतिवडा**

अर्थतन्त्र चलायमान हुन खर्च गर्ने पैसा हुनुपर्छ । पैसा बारीमा फल्दैन, टिप्न, चोर्न मिल्दैन, आय-स्रोत हुन पर्छ । रोजगारी र आय नबढ्ने, बैंकले ऋण नदिने, दिए ब्याजले सेक्ने, नेता र कर्मचारीले भ्रष्टाचार गर्ने अनि मान्छेसँग पैसा हुन्छ कसरी ? ओली, देउवा, प्रचण्ड, महत र एम अधिकारी यति नबुझ्ने ?



**- ओमकुमार थापा**

खरबौं खर्चिएर संसारकै राम्रो संविधान बनाएका हौं भनेर भुक्ने राजनीतिक दलहरूले कम्तीमा राजनीतिक अस्थिरताको कारक समानुपातिक निर्वाचन प्रणालीका कारण संघ र प्रदेशमा सधैँ खिचडी सरकार बनाउन बाध्य हुनुपर्ने कारणले जनताका समस्या गौण हुने हुँदा यो व्यवस्थाको विकल्पको पृष्ठभूमि तयार हुँदैछ ।



**- विष्णु ढकाल**

गणतन्त्रवादी नेताहरूको व्यवहार र अभिव्यक्ति हेर्दा लच्छित वर्गका लागि जे जति गरे आफ्नो वर्ग फेरिएपछि त्यही घाँडो भएको प्रष्ट देखिन्छ । न अब त्यो वर्गसँग सम्बन्ध छ, न त सहयोगको अपेक्षा ठ्याकै 'आइज गोरू मलाई हान' भने जस्तै ! यो त प्रकृतिको नियम हो माकुरोले फुल पारेपछि बच्चाले माउ खाए जस्तै !

## तपाईको राशिफल




| | |
|---|---|
| मेष : | मनोरन्जनात्मक यात्राको योग छ । दैनिक आम्दानी राम्रो हुनेछ । |
| वृष : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नयाँ कार्य बन्ने योग छ । |
| मिथुन : | बाहिरी सहयोगमा कमी आउनेछ । विरोधी कमजोर हुनेछन् । |
| कर्कट : | नौलो कार्यहरुमा विशेष सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् । |
| सिंह : | राम्रो आय प्राप्त हुनेछ । स्वास्थ्य गडबडको योग छ । |
| कन्या : | स्वास्थ्य लाभ हुनेछ । शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । |
| तुला : | विनम्रतासित कार्य गर्नु राम्रो हुनेछ । नयाँ काम बन्नेछ । |
| वृश्चिक : | विद्यार्थीहरुको कार्यमा प्रगति हुनेछ । नयाँ सम्पर्क बन्नेछ । |
| धनु : | पारिवारिक सदस्यमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ । |
| मकर : | राजनैतिक सहयोग प्राप्त हुनेछ । नयाँ मित्र बन्ने योग छ । |
| कुम्भ : | लापरबाहीले गर्दा अशान्ति र कार्यमा रुकावटको योग छ । |
| मीन : | नौलो कार्य प्रारम्भ हुनेछ । बाहन खरीद हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सद्भाव त्याली !

टिप्पणी



● जयप्रकाश गुप्ता

*भर्खरै नेपालगञ्जमा भएको दंगाको कारण, कारक वा दोषी जगजाहेर छ । प्रमाण देखिने भिडियोहरू सामाजिक सञ्जालभर छरप्रष्ट छन् । तर तीनै प्रमाणहरुलाई लुकाउन प्रायोजित नाटकहरू गरिएको छ । घटनालाई निरुपण होइन, थामथुमको उपाय गरिँदैछ ।*

नेपालगञ्जको घटनापछि अखबारहरू तथा सामाजिक सञ्जालमा धार्मिक एकता दर्शाउने तस्बिरहरु सार्वजनिक भइरहेका छन् । सार्वजनिक तस्बिरहरुमा लुगाफाटा र पहिरनको हिसाबले बडो प्रतिकात्मक छ । प्रायः अन्तरधार्मिक तथा सामुदायिक भीडन्तहरू पछि सामाजिक तथा धार्मिक सद्भाव कायम राख्नेगरी शान्ति तथा सद्भाव त्यालीहरु हुने गर्दछन् । नेपालगञ्जमा मात्र होइन सबैतिर त्यस्ता घटना देखिन्छन् । हिन्दु-मुसलमानको सन्दर्भमा मात्र हैन-अनेकन् सन्दर्भहरूमा यस्तो देखिन्छ । यो निस्कनै पर्छ र पो त यो सरकारबाट प्रतिरक्षित हुन्छ ।

यसका अनेकौं उदाहरणहरू छन् । पछिल्ला केही मुख्य उदाहरण दिने हो भने काठमाडौंमा घटेको ऋतिक रोशन प्रकरणमा कमजोर एक समुदाय राज्यको संरक्षणमा मारिए, लुटिएपछि जब मुलुकको दक्षिणी पानीढलो क्षेत्रमा प्रतिकार शुरू भयो, राजधानीमा सद्भाव त्याली निस्कियो ।

मधेश आन्दोलनपूर्व नेपालगञ्जमा भएको दंगा अब धेरैलाई याद नहोला । अहिले हालैको दंगामा हिन्दु र मुसलमान एक अर्काको बिरोधमा उभिए । तर, त्यसबेला नेपालगञ्जमा यी दुबै एउटै समुदाय जो राज्यपक्ष कहलिन्छ-त्यसबाट घेरिएर बालिए, जलाइए । यसपछि तत्कालिन सरकारले काठमाडौंबाट शान्तिकामीहरूलाई ओसारेर यस्तै सद्भाव त्याली निकालियो । आगो लगाउनेहरू, पीडकहरू रूपेडिया, नेपालगञ्जमोड पुगेर पाईजामा मुसलमानी कुर्ता तथा शेरवानी किनेर लगाए । ढाका टोपी त काठमाण्डौंबाटै गएको थियो । पुलिस, सेना तथा प्रशासनको खुला संरक्षणमा जसको पसल र आश्रयका डढेलो लगाइएको थियो, तिनीहरू सरकारको संरक्षणमा अन्तरनश्लीय सद्भाव त्याली हेरिरहे ।

कर्णाली क्षेत्रमा अभिजात्य समुदायका पुल्पुल्याइएका लडकाहरूले दलितकी छोरीलाई बलात्कार गर्छन् । राज्य पीडक पक्षको किटानी जाहेरी लिन अस्वीकार गर्छ । ठूलो विरोध हुन्छ, यो विरोध जब अभिजात्यहरूको शासनका लागि चुनौति बन्दछ- रातारात सद्भाव त्याली निकालिन्छ । पात्रको अनुहार तथा थर फेरिएको हुन्छ । भूगोल बदलिएको हुन्छ । जब यस्तै करतूत मधेसका सप्तरी, सिरहा जिल्लाहरूमा मधेसी नवसत्ताका पृष्ठपोषकबाट गरिन्छ- उही नाटक दोहोरिन्छ । प्रदेश सरकारले टोपीको बदला फेटा र धोतिगम्छा बाँडेको हुन्छ, सद्भाव त्यालीका नायकहरूलाई ।

शायद माओवादी द्वन्दकालको कुरो हो । शाही सत्ताको योजनामा कपिलवस्तु जिल्लामा सशस्त्र प्रतिकार समूह गठन गरियो । माओवादीको प्रतिकार पनि गरियो । केही माओवादीहरू मारिए । तर, त्यसभन्दा भयावह प्रतिकार माओवादीहरूले गरे । माओवादीले यस प्रतिकारलाई पर्वते समुदाय र मुसलमानबीचको प्रतिकारमा समाजलाई ध्रुविकरण गराए । कृष्णानगर, बहादुरगन्जदेखि चन्द्रौटासम्ममा मुसलमानहरूको घरहरूमा आगजनी गरियो । बडो नाम चलेका मानिसहरू मारिए । स्वभावतः पूरै लुम्बिनी क्षेत्र, बाँके बर्दियासमेतमा व्यापक प्रतिकृया भयो । मुसलमानका विरूद्धको त्यो ताण्डव पर्वते र मधेसीका बीचको द्वन्द्वमा रूपान्तरित भई फैलिन लाग्दा राज्य सक्रिय भयो । बजेट निकाशा भयो, सबैतिर अन्तर सामुदायिक सद्भाव त्यालीहरु निस्किए । राज्य नै सक्रिय भएपछि किन शान्ति कायम नहुनु ?

टिकापुर घटना, प्रहरीहरूको हत्या तथा रेशम चौधरीको प्रकरण त सबैलाई ज्ञात नै छ । यसको चर्चा अहिले झन् बढेकै छ । एक समुदायबाट बृहत प्रतिकार भयो । रेशमहरूको घरहरूमा आगो लगाइयो । सम्पत्ति ध्वस्त पारियो । यी सब काम सकिएपछि अन्ततः शान्तिका लागि सद्भाव त्याली नै निस्कियो । लामो छ, कथा व्यथा यस श्रृंखलाको ।

कतिवटा उदाहरण दिनु र कुन शासनको ? केही अघिको जनकपुरको रामनवमी बेलाको, सर्लाही मलंगवाको मुर्ति सेलाउने समयको, धरानमा मन्दीरको सामुन्ने चर्च बनाएकोमा वा गाई काटेर पकाएको दृश्य सामाजिक सञ्जालमा राखेपछि उत्पन्न तनावपश्चातको-अनेकन् अनेकन् सद्भाव त्याली अनेकन् सन्दर्भहरूमा मञ्चन हुने गर्दछ । यी सबै प्रायोजित नाटकहरूले तथ्य र यथार्थको हत्या गरेको इतिहास छ । भर्खरैको नेपालगञ्जको दंगाको कारण, कारक वा दोषी जगजाहेर छ । भिडिओहरू सञ्जालभर छरप्रष्ट छ । हिन्दु संघ-संगठनहरूको, मुसलमानका संघ-संगठनहरूको, राज्य-प्रशासन तथा राजनीतिक दलहरूको संलग्नता सप्रमाण जगजाहेर छ । जो कारक रहेका छन्, पीडक छन् उनै लंकादहन पछि जलेका खरानीमा पग्लेर ढिक्का भएको सुन खोज्दैछन् । तैपनि मेरो विचारमा यो फ्रेम राम्रो छ । यी पहिरनहरूले धेरै कुराहरू बताइरहेको छ । आउने दिनहरूमा धेरै कुराहरू उदाङ्गिने नै छ ।

# इजरायल र प्यालेस्टाइनबीच युद्ध



**काठमाडौं/एजेन्सी–** प्यालेस्टिनी हमला र त्यसको प्रतिउत्तरमा इजरायलले गरिरहेको कारबाहीका क्रममा कम्तीमा ४० जनाको मृत्यु भएको छ । शनिवार बिहानैदेखि इजरायल र प्यालेस्टिनी लडाकु समूह हमासबीच लडाइँ जारी छ। शुरुमा हमासले इजरायलमाथि सयौं रकेटहरू प्रहार गरेपछि उक्त लडाइँ शुरु भएको हो। त्यस क्रममा हालसम्म ४० जना इजरेली र केही प्यालेस्टिनीहरू मारिएको खबर आएको छ।

घटनामा दर्जनौं व्यक्ति घाइते भएको इजरायली सञ्चारमाध्यमले जनाएका छन् । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले 'आफूहरू युद्धमा रहेको' भन्दै कडा प्रतिकारको चेतावनी दिँदै सैन्य भण्डारलाई व्यापक रूपमा परिचालन गर्न आदेश दिएका छन् । उनले भने, 'यो आक्रमणको लागि शत्रुले अनपेक्षित मूल्य चुकाउनु पर्नेछ।'गाजा पट्टीलाई नियन्त्रण गर्ने इरान समर्थित हमासले एक भिडियो जारी गरेको छ जसमा उसका लडाकुहरूले सादा पोशाकमा सजिएका तीन जनालाई समातेको र भिडियो क्याप्सनमा 'शत्रु सैनिक' को रूपमा वर्णन गरिएको छ । हमासको सशस्त्र शाखा इजेदिन अल-कासम ब्रिगेडले भनेको छ, 'हामीले इजरायलद्वारा कब्जा गरिएका सबै अपराधहरू अन्त्य गर्ने निर्णय गऱ्यौँ । जवाफदेही नबनाई विद्रोह गर्ने उनीहरूको समय सकिएको छ । हामीले 'अपरेशन अल अक्सा फ्लड'को घोषणा गर्यौं र हामीले २० मिनेटको पहिलो आक्रमणमा पाँच हजारभन्दा बढी रकेट प्रहार गर्यौं ।'

इजरायली सेनाले प्यालेस्टिनी लडाकूसँग गाजापट्टी नजिकका विभिन्न स्थानमा लडिरहेको जनाएको छ। सेनाले प्रतिरक्ष कारबाहीलाई 'फलामको तरवार' नाम दिएको छ । सेनाका प्रवक्ता रिचार्ड हेक्टका अनुसार लडाकूहरूले प्यारागलाइडर, समुन्द्र र जमिनबाट संयुक्त रूपमा आक्रमण गरेका थिए ।

इजरायलीहरू समातिएका छन् भन्ने खबरहरूप्रति उनले खासै चासो व्यक्त गरेनन्। सामाजिक सञ्जालमा आएका अपुष्ट भिडियोमा सेनाको पोसाक लगाएका कैयौं व्यक्तिको शव, राजमार्गमा मरेका सवारी चालक र यात्रुको शव देखिएको छ ।

सन् २००७ मा हमासले कब्जा जमाएपछि २३ लाख मानिसको बसोबास रहेको गाजामा आतंककारीको घुसपैठ विरलै भएको छ। गाजालाई इजरायलबाट सैन्यीकृत सीमा अवरोधद्वारा बन्द गरिएको छ । गाजाबाट करिब दुई हजार २०० को संख्यामा रहेको गाजाबाट आएको रकेट ब्यारेजले गाजाबाट करिब १० किलोमिटर उत्तरमा रहेको इजरायली शहर अश्केलोनमा रहेका आवासीय भवनमुनि कारहरू जलिरहेको हेक्टले बताएका छन् ।

## भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चरिकोट दोलखा, बागमती प्रदेश, नेपाल**

### आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

**पुनः सूचना प्रकाशित मिति २०८०/०६/२१**
E-Bidding Only (**ई – बिडिङ मात्र**)

यस नगरपालिकाको तपसिलबमोजिमको क्षेत्रमा बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०८० अनुसार आ.व. २०८०/८१ का लागि ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा र बालुवाको शुल्कबाट प्राप्त हुने आय सङ्कलन गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले देहायबमोजिमको सर्तहरूको अधिनमा रहेर रितपूर्वकको बोलपत्र E–biding (www.bolpatra.gov.np/egp) को माध्यमबाट पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. यस सम्बन्धी विस्तृत सूचना www.bolpatra.gov.np/egp को Bid Document र www.bhimeshwormun.gov.np मा हेर्न सकिने छ ।
२. रितपूर्वक पेस भएका बोलपत्रहरूमध्ये उच्च रकम कबोल गर्ने बोलपत्र स्वीकृत गरिने छ ।
३. विस्तृत जानकारीका लागि भीमेश्वर नगरपालिकामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| क्र.स. | आन्तरिक आय ठेक्का नं. | ठेक्का क्षेत्र/स्थल | परिमाण (घन मी.मा) | न्यूनतम् रकम रु. (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दर्ता गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 1. | BMP/NCB/GOODS-Revenue/2080-81/E/01 | नागदह बगर क्षेत्र, भी.न.पा.-२ | 1,888.00 | 6,00,384 | 1000/- | १८,०००/- | २०८०/७/२१ गते दिनको १२ बजेभित्र | २०८०/७/२१ गते दिनको १ बजे |
| 2. | BMP/NCB/GOODS-Revenue /2080-81/E/02 | मन्याङखोला बगर क्षेत्र, भी.न.पा.-२ | 2,000.00 | 6,36,000 | 1000/- | १९,०००/- | | |
| 3. | BMP/NCB/GOODS-Revenue /2080-81/E/04 | ठूलोबगर क्षेत्र, भी.न.पा.-५ | 3,793.00 | 12,06,174 | 1000/- | ३६,०००/- | | |

## Barahakshetra Municipality
## Office of the Municipal Executive
**Chakarghatti, Sunsari**

### Invitation For Bid

**Date of Publication: 2080/06/21 (2023 Oct. 8)**

1. Barahakshetra Municipality, Office of the Municipal Executive, Sunsari invites online bids from eligible bidders for the construction of items mentioned below. Bidding is open to all eligible bidders.

| S.N. | Description of Works | Contract Identification No. | Estimated amount NRs (Without VAT & Contingencies) | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|---|
| 1. | Construction of Blacktop Road with drain and retaining wall from Mahendragate to kyampachauri ch.02+2000m to 02+400m, Ward no.7, Barahakshetra Municipality | BKM/NCB/06/2080-81 | NRs 1,71,66,575.58 | NRs 5,00,000.0 | NRs 3,000.00 |
| 2. | Construction of foundation and drain with fencing work to stop elephant terror in ward no.7, Barahakshetra Municipality | BKM/NCB/07/2080-81 | NRs 1,04,03,937.97 | NRs 3,00,000.00 | NRs 3,000.00 |

2. Eligible Bidders may obtain further information from Office of Barahakshetra Municipality, Chakraghatti, Sunsari, Nepal, email barahamun@gmail.com or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding document should be downloaded for e-submission from PPMO's e-GP portal www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of e-bid submission.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank : Nepal Investment Mega Bank Ltd., chakraghatti, sunsari**
**Name of Office : Barahakshetra Municipality**
**Office Account no. : 28901400000017 GA 3.1 Rajasho Account**
**Or For IPS : BARAHAKSHETRA NA.PA. AANTARIK RAJASHO KHATA GA-1-1 28901400000017**

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00, 07/11/2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 07/11/2023 at the office of Barahakshetra Municipality, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to Rs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

**Account Detail For Bid Security:**

**Name of the Bank : Nepal Investment Mega Bank Ltd., chakraghatti, sunsari**
**Name of Office : Barahakshetra Municipality, Sunsari**
**Office Account no. : 28901400000130 GA 3.1 Dharauti Account**
**Or For IPS : BARAHAKSHETRA NA.PA. DHARUTI KHATA 28901400000130 GA-3.1**

6. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Barahakshetra Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning whatsoever.

**Chief Executive Officer**


## साउदीमा वैदेशिक रोजगार अवसर

**कम्पनी: ALAM AND BIN COMPANY TO SERVE DRINKS** — **शहर: Abha**
पुर्व स्वीकृत मिति: २०८०/०६/१८ — चलानी नं.: ६०२०८७६९ — L.T. No.: 293617

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee (barista) | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी: SAWAED CLEANING FOUNDATION FOR MAINTENANCE AND CLEANING** — **शहर: RIYADH**
पुर्व स्वीकृत मिति: २०८०/०६/१८ — चलानी नं.: ६०२०८७७० — L.T. No.: 293618

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facilities Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ३० गते (17 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु १०,०००/ |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## कतारमा रोजगारको अवसर

**कम्पनी: AL REYADAH HOSPITALITY AND CLEANING COMPANY W.L.L.** — **शहर: DOHA**
पूर्व स्वीकृत मिति: २०८०/०५/१७ — चलानी नं.:६०२०७०९१ — LT. No.: 291889 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 10 | स. काममा दक्ष | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २७ गते (15 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1561/079/080
**GOOD LUCK MANPOWER Services Pvt. Ltd.**
Sinamangal 9,Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com



## QATAR मा रोजगार ।

**कम्पनी : APPAREL QATAR WLL** — **शहर: DOHA**
पूर्व स्वीकृत मिति: २०८०/०६/१९ — चलानी नं.: ६०२०८७८४ — LT. No.: 293625

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 5 | 8 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | salesman | 7 | 25 | | 1300 | ४७,३८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २८ गते (15 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९२६/०६७/०६८
**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
Balkumari-09, Lalitpur, Nepal, Tel. : 01- 5200902/306/213, Mob.: 9808772723
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com


## विविध ऐडभेन्चर प्रा.लि. द्वारा प्रस्तावित विविध होटलको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८०/०६/२१)

वागमती प्रदेश, ललितपुर जिल्ला, कोन्ज्योसोम गउँपालिका-३, दलचोकीमा विविध ऐडभेन्चर प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विविध ऐडभेन्चर प्रा.लि.<br>ठेगानाः ललितपुर महानगरपालिका-१३, नख्खु, ललितपुर जिल्ला, वागमती प्रदेश<br>सम्पर्क व्यक्ति : देवराज ढुङ्गाना<br>फोन नं.: ९८४१४१२०४४, इमेलः fun.dalchoki@gmail.com |
